मुख्यमन्त्री

गण्डकी प्रदेश, नेपाल

# शुभकामना

सहिद दिवस (माघ १६) का अवसरमा देश र जनताका लागि आफ्नो अमूल्य जीवन वलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

जहानिया राणाशासनको क्रुर कालखण्डमा प्रजातन्त्र प्राप्तिका लागि आफ्नो जीवनलाई सहजै देशका लागि आहुति दिने चार महान सहिद तथा प्रजातन्त्र पुनः स्थापना एवम् संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि सहादत प्राप्त गर्ने सम्पूर्ण वीर सपुतहरू सदा हामी सबैका पथप्रदर्शक र आदर्श व्यक्तित्वका रुपमा रहिरहनु हुनेछ ।

यस अवसरमा महान सहिदहरुको त्याग र वलिदानको उच्च सम्मान गर्दै उनीहरूको सपना साकार पार्न र उनीहरूले देखाएको बाटोमा अघि बढ्न प्रदेश सरकार प्रयत्नशील रहेको र रहिरहने प्रण समेत व्यक्त गर्दछु ।

संविधानको मर्म र भावना अनुरुप सह-अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त बमोजिम संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई प्रगाढ बनाउन सहिदको वलिदानी र त्यागको फलस्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र मार्फत् "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्य प्राप्त गर्नु नै सहिदप्रतिको सच्चा श्रद्धान्जली हुनेछ । यसको लागि सबै राजनीतिक दल, नागरिक समाज र सम्पूर्ण नेपाली एकजुट भएर लाग्न यस दिनले हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्दै यस अवसरमा सबैमा हार्दिक शुभकामना समेत प्रकट गर्दछु ।

मितिः २०७५/१०/१५

(पृथ्वी सुब्बा गुरूङ)